समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# इलाम

Green Ilam

पत्र संख्या: ०८१/८२

चलानी नः 8685

कोशी प्रदेश,नेपाल

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

मितिः २०८२/०१/३०

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना।

यो जो जससँग सम्बन्धित छ।

इलाम जिल्ला इलाम नगरपालिका अन्तर्गत श्री **चन्द्रोदय आधारभूत विद्यालय**, इलाम – ५, बरबोटेमा रिक्त रहेको **प्राथमिक** तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाई दिन भनी विद्यालयको च.नं. ४६ मिति २०८२/०१/२८ को पत्रबाट अनुरोध भई आएकोले **प्राथमिक तहको** लागि योग्यता पुगेका स्थायी शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले **पन्ध्र दिनभित्र** शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफू कार्यरत रहेको सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित **सम्बन्धित विद्यालयमा** निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना chandrodayaelementry2077@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्यवाही हुने छैन।

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, इलाम – ताहाँ कार्यालयको वेभसाइटमा अपलोड गरिदिनु हुन।

श्री ५ नं वडा कार्यालय, इलाम नगरपालिका, इलाम – कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन।

श्री चन्द्रोदय आधारभूत विद्यालय, इलाम – ५, बरबोटे – सूचना पाटीमा टाँस गरी विद्यालयको फेसबुक पेजमा अपलोड गर्नुहुन।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत